"विविधतायुक्त शहर, समुन्नत एवं समृद्ध व्यास नगर"
नेपाल सरकार
व्यास नगरपालिका कार्यालय
Government of Nepal
VYAS MUNICIPALITY OFFICE
दमौली, तनहूँ
Damauli, Tanahun

पत्र संख्या: ०७२।०७३
चलानी नम्बर: ८१४

मिति: २०७२।४।२६

विषय: **बार्षिक प्रगति समिक्षाको प्रतिवेदन पठाइएको सम्बन्धमा** ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा,
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस नगरपलिकाको आर्थिक वर्ष २०७१।०७२ को बार्षिक प्रगति समिक्षा २०७२ श्रावण २५ गते सम्पन्न भएको हुंदा सोको प्रतिवेदन यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७२।४।२६
..............
नि. कार्यकारी अधिकृत

२०७२।४।२६
दर्ता नं. १५०

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"
Phone No. 065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np

आज मिति २०७८ साल श्रावण २५ गते सोमवारका दिन व्यास नगरपालिकाको आ.व. ०७८/०७९ को वार्षिक समिक्षा बैठक व्यास नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री हुमनाथ शर्मा ढकाल ज्यू को अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रमको उपस्थिति तथा निर्णय हरु तपशिल बमोजिम रहेको छ ।

उपस्थिति,

प्रमुख एवं कार्यकारी अधिकृत : श्री हुमनाथ शर्मा ढकाल
प्रमुख जिल्ला अ.प्रमुख अतिथि : श्री महादेव पन्थ
अतिथि : नि.स्था.वि.अ. भागीरथ रेग्मी
" स.प्र.उ. मुरारी बस्नेत (सशस्त्र प्रहरी बल)
" प्र.अ.अ. अच्युत विष्ट (प्र.अ.नि.का.)
" प्र.उ. [illegible]
अतिथि एवं नगर प्रमुख एवं प्रशासकीय समितिका संयोजक : श्री लाल प्रसाद श्रेष्ठ
अतिथि : नेपाली कांग्रेस नगर सभापति सदस्य : श्री विश्व नाथ न्यौपाने
नेकपा एमाले " " श्री विरेन्द्र वा अधिकारी
नेकपा माओवादी " " श्री राजेन्द्र श्रेष्ठ थापा
नेकपा-माओवादी " " श्री रामहरी बच्चाई
जसपा नेपाल " " श्री इस्माइल मिया
राप्रपा " " श्री सावित्री रिजाल
राष्ट्रिय जनमोर्चा " " श्री श्रीकुमार श्रेष्ठ
राष्ट्रिय जनमुक्ति पार्टी " श्री बहादुर सिं थापामगर
वरिष्ठ प्रा.लि.प. अधिकृत : श्री कुमार [illegible]
प्रि.प. पुरुषोत्तम आचार्य
चिनो आलो वेलेनी ना.स.के. अध्यक्ष

शान्ति रानी पाण्डे — वडा -१० —
मदन पौडेल रिसेड, अध्यक्ष

धनबहादुर गुरुङ ने.प. संस्थापक संगठित महासंघ
टोल नम-वडा अध्यक्ष-१४, हिम बहादुर आले
धनबहादुर स्याउ मगर पो.बि.सं. अध्यक्ष-१२
ज्येष्ठ नागरिक संघ / महासंघ नागरिक मञ्च व्यास - ५
देवनिधि पन्त अध्यक्ष, ज्येष्ठ नागरिक मिलन केन्द्र तनहुँ

मिति २०८० साल पौष ... वडा स्तरीय समिति बैठक - विश्वराज पौडेल

नागरीक वडा मञ्च व्यास-४ फराक चौर उपसंयोजक श्री राम पाहित क्षेत्री

मादिलेली श्मपण । मादिलेली प्रवक्ता दोलेक नाजिबा पौडेल

नागरीक मञ्च वडे संयोजक दुर्गा ... ४

वडा नागरिक मञ्च वडा समन्वय समिति व्यास ... कृष्ण प्र. तिमील्सिना

वडा नागरिक मञ्च वडा समन्वय समिति व्यास ... शोक

... वडा समन्वय समिति - ८ ... आनन्द थापा

वडा नागरिक मञ्च वडा स० समिति व्यास ... कुमार ...

... वडा समन्वय स. ... दयाराम ...

... गोय एलिजा पौडेल ना. स. के व्यास ९

लक्ष्मी वराली ना. स. के. प्रयोजक व्यास - २

... ना. स. के संयोजक व्यास २

कल्पना पौडेल व्या. न. पा महिला स. स

डिल्लीराम पुन नमुना नागरिक सचेतना केन्द्र व्यास ६.

... नाथ मिश्र ने. क. पा. ... माहसचिव

... माया विक व्यास ४ संयोजक वडा समन्वय समिति

अंशु वाग्ले व्यास ११ बाल मञ्च नगर अध्यक्ष

... प्रसाद तिमल्सिना ... सभापति

पर्मेश्वर भट्टराई, निर्देशक ...

हिरा लाल ... सचिव ...

तिर्थ बहादुर ... अध्यक्ष ... संयोजक वडा नागरिक

लो. देव बहादुर गुरुङ - अध्यक्ष ने.आ.ज. व्या. न. समन्वय परिषद व्यास - ८

... राज वाग्ले व्यास १० ...

... आचार्य सभापति न ३ ...

... माया वि.क व्यास ५ जनचेतना ना. सि. के

चुडामणी अधिकारी - जि. वि. स. - कार्यालय

राज कुमार सिंह ... टेलिभिजन ...

नारायण ...

कृष्ण पौडेल पत्रकार -

माया ... थापा सदस्य ना. स. के - १०

पूर्णिमा गुरुङ ना. स. व्यास - १

... अर्याल ... ना. स. व्यास - १०

अनिला खातुन सा.प. ब्यास -२ अनीला
मैना अधिकारी सा.प ब्यास -४ Maina
अम्बिका खनाल रिमाल सा.प ब्यास ६
कृष्ण नारायण श्रेष्ठ
जानकी तिमिल्सिना सा.प ब्यास - ११
शान्ती नेपाली ना.स.के संयोजक ब्यास - ११
शिवहरि पाण्डे - अध्यक्ष मातृभूमि विद्यालय समिति तनहुँ
त्रिलोचन लम्साल, शुक्लागण्डकी नगरपालिका कार्यालय
रञ्जना विश्वकर्मा सा.प. ब्यास ३
स्मृती विश्वकर्मा " ब्यास - ८
सीमा राना मगर " ब्यास - २
प्रतिभा आचार्य " ब्यास - ६
शिव शर्मा पन्त सा.प. सावित पोखरी, भन्ज्याङ १२.१३.१४
लक्ष्मीकान्त मिश्र वडा नागरिक मञ्च संयोजक, व्यास - १२
भोजराज तिवारी न.पा. कार्यालय
कृष्ण राज घिमिरे व्यास न.पा. कार्यालय
शंकर सुवेदी " " "
रामचन्द्र कोइराला " "
भगवती चौधरी वडा नं ११ वडा समन्वय समिति अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत गोकुल राज कंडेल
पुष्प राम आचार्य व्यास न.पा. कार्यालय

निर्णय नं. १।।
– आर्थिक वर्ष २०७१।०७२ को समीक्षा बैठक बाट प्राप्त सुझाव र उक्त बैठकमा व्यास नगर पालिका कार्यालय द्वारा प्रस्तुत गरिएको ०७१।०७२ का कार्यक्रम हरुको भौतिक प्रगति विवरण पछाडी पृष्ठमा राख गरिएको छ ।

# नगरस्तरीय बार्षिक प्रगति समीक्षा बैठकबाट प्राप्त सुझावहरु

२०७२ श्रावण २५ गते व्यास नगरपालिकाका कार्यकारी अधिकृत श्री हुमनाथ शर्मा ढकालज्यूको अध्यक्षता एवं प्रमुख जिल्ला अधिकारी श्री महादेव पन्थज्यूको प्रमुख आतिथ्यता तथा अतिथिमा निमित्त स्थानीय विकास अधिकारी श्री भागीरथ रेग्मी र अन्य अतिथिमा प्रहरी उपरिक्षक श्री मोहन आचार्य, सशत्र प्रहरी उपरिक्षक श्री मुरारी बस्नेत, सशत्र प्रहरी प्रमुखज्यू, नगर सर्वदलीय संयन्त्रका पदाधिकारीज्यूहरु, नगरपालिका सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, उद्योग वाणिज्य संघ दमौली बजार इकाइका अध्यक्षज्यू, नागरिक समाजका प्रतिनिधिहरुज्यू, अन्य विशिष्ट महानुभावहरु, नगर महिला समितिका पदाधिकारीज्यूहरु, टोल विकास संस्था नगर समन्वय समितिका पदाधिकारीज्यूहरु, वडा नागरिक मंचका पदाधिकारीज्यूहरु, नागरिक सचेतना केन्द्रका पदाधिकारीज्यूहरु, नगर बालमंचका पदाधिकारीज्यूहरु र पत्रकारहरुको उपस्थितिमा आ.व.०७१।७२ को बार्षिक प्रगति विवरण माथि छलफल गरियो । आ.व.०७१।७२ मा कुल आम्दानी रु.१३ करोड ३८ लाख ४५ हजार ६ सय ४७ मध्ये ३ करोड ४ लाख ६७ हजार ६ सय ५१ प्रशासनिक खर्च र रु.८ करोड ५६ लाख १५ हजार ८ सय २० गरी कूल ११ करोड ६० लाख ८३ हजार ४ सय ७१ खर्च हुन आएको छ । त्यस्तै गरी साझेदारी कोष तर्फ रु.१ करोड ४५ लाख ९९ हजार ४ सय ६० को आययव्य रहेको छ । यसरी आयव्यय र अन्य विषयमा छलफल हुंदा निम्न निचोडहरु सहित देहायका सुझावहरु प्राप्त भएकाछन् ।

१। गतवर्षको बार्षिक समिक्षा गोष्ठीमा दिइएका सूझावहरु मध्ये अधिकांश कार्यान्वयनमा आएको र केही सुझावहरु हालसम्म पनि कार्यान्वयन नभएको हुदां सो कार्यान्वयन तर्फ जोड दिनुपर्ने ।

२। प्रशासनिक खर्चलाई कम गर्नुपर्ने

३। फोहरमैलाको समस्यालाई नगरपालिकाको मात्र समस्या नमानी समस्त नगरवासीको समस्या हो भनी सम्पूर्ण संघ संस्थाहरु यसको समाधान तर्फ लाग्नुपर्ने ।

४। मादी र सेती नदीको दोभानमा ढुंगा, गिटी र वालूवा झिक्ने कार्यले दाहसंस्कारमा निकै नै कठिनाई आइपरेको हुंदा सो तर्फ ध्यान दिनुपर्ने ।

५। नगरपालिकाको मात्र बजेटले नगर विकास गर्दा धेरै वर्ष लाग्न हुंदा खानेपानी, सडक, विद्युत, शिक्षा जस्ता कार्यालयहरुसंग सहकार्य गरेर अगाडि बढ्नुपर्ने ।

६। मादी नदीको ढुंगा, गिटी र वालुवाबाट उठेको रकम उक्त क्षेत्रमा लगानी गर्नुपर्ने ।

७। पेश्की तथा वेरुजु धेरै भएको हुंदा उक्त पेश्की बेरुजु फछ्र्यौट गर्न तर्फ नगरपालिकाले पहल गर्नुपर्ने ।

८। मन्त्रालयबाट लागू गरिएको MCPM मा यस नगरपालिकालाई थप १५ प्रतिशत अनुदान प्राप्त गर्न सफल भएकोमा हार्दिक धन्यवाद दिंदै यसलाई अझ अन्य नगरपालिकाको दांजोमा उच्च स्थानमा राख्नका लागि कर्मचारी एवं राजनैतिक दल जिम्मेवार भई काम गर्नुपर्ने ।

९। आन्तरिक आय २८.२६ प्रतिशत बृद्धि हुनु सकारात्मक पक्ष रहेको छ तर आम्दानीको तुलनामा खर्च गर्न नसकिएको हुंदा सो तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०। दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले दमौली बजार क्षेत्रमा संचालन गरेको कामलाई पनि नगरपालिकाको बार्षिक प्रगति समिक्षामा समावेश गर्नुपर्ने ।

११। विकास बजेट खर्च गर्दा साना प्रकृतिका योजनाहरुमा खर्च धेरै हुन आएको हुंदा यस्ता साना प्रकृतिका योजनाहरुमा खर्च कम गर्ने गरी ठूला प्रकृतिका योजनाहरुमा खर्च गर्नुपर्ने ।

१२। योजना संचालन गर्ने उपभोक्ता समितिहरुलाई कार्यालयले आवश्यकता अनुसार तालिम दिनुपर्ने । साथै लागत इस्टिमेट नेपाली भाषामा बनाउनुपर्ने ।

१३। नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको संरक्षण गर्नुपर्ने ।

१४। हालै बृद्धि गरिएको सम्पत्ति करको दर र अन्य सिफारिस दस्तुरहरुमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

१५। बजार क्षेत्रमा नाला निर्माण गर्न बांकी रहेका क्षेत्रहरुमा यथाशिघ्र नाला निर्माण गर्नुपर्ने ।

१६। बालबालिकाहरुले पाउनुपर्ने हक अधिकार पर्याप्त मात्रामा नपाएको तर्फ ध्यान दिनुपर्ने ।

१७। सामाजिक परिचालन अन्तर्गतका महिलासंग सम्बन्धित कार्यक्रमहरुमा नगर महिला संयन्त्र मार्फत संचालन गर्नुपर्ने ।

१८। भूकम्प प्रभावित व्यक्तिहरुको राहत वितरण प्रक्रियामा पुनरावलोकन गर्नुपर्ने ।


# १. परिचय

- विकास क्षेत्रः पश्चिमाञ्चल
- अंचलः गण्डकी
- जिल्लाः तनहुँ
- स्थापना वर्षः २०४८
- क्षेत्रफलः ८६.५७ (जनघनत्व ५४१.४९ प्रति वर्ग कि.मी.)
- वडा संख्याः १४, टोल संख्याः १६८
- दीर्घकालीन सोचः "विविधतायुक्त शहर, समुन्त एवं सम्बृद्ध व्यास नगर"
- जनसंख्याः ४६,८७७ महिलाः २५,६८६ पुरुषः २१,१९१
- जनसंख्या बृद्धदर ५.१९ प्रतिशत
- घर धुरीः १२३००
- साक्षरता प्रतिशतः ९६
- कर्मचारी दरबन्दी संख्याः ६९ (पदपूर्ति ६८)
- उचाईः समुन्द्री सतहबाट २८० मी. देखि ११२० मी. सम्म
- औषत वर्षाः १९६०.६ मी.मी.
- औषत तापक्रमः न्युनतम ८.४० से. देखि अधिकतम ३७.०० से. सम्म
- विद्यालयः पूर्व प्रा.वि.४३, प्रा.वि. ३१ (१८ स.), नि.मा.वि. १७ (८ स.), मा.वि. १७ (५ स.), उच्च मा.वि. १० (७ स.), क्याम्पस १, व्यवसायिक १(सि.टि.वि.टी.), प्राथमिक शिक्षक तालिम केन्द्र १
- स्वास्थ्यः सरकारी अस्पताल २, निजी अस्पताल ४ र क्लिनिक १३
- सडकको स्थितिः कालोपत्रे ३३.५५ कि.मी., ग्राभेल ५२.८२ कि.मी., कच्ची धुले १६४.८४ कि.मी.
- पक्की नाला तथा ढलः १४.०८५ कि.मी.
- भूउपयोगः ८६.५७ वर्ग कि.मी. क) कृषिः ४४.६६ ख) जंगलः ३०.५६ ग) आवासीयः ४.४६ घ) संस्थागत प्रयोगः ०.३३ ङ.) अन्य :६.५६
- आर्थिक अवस्थाः आन्तरिक आयः ३,३०,०५,११३।७४ (०७१।७२)

## २. आम्दानी खर्चतर्फ

क) आम्दानी १) आन्तरिक श्रोत

| सि.नं | आम्दानीका शीर्षक | आ.व.०७०।७१ | | आ.व.०७१।७२ | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ |
| १.१ | स्थानीय कर | ८१,७५,५००। | ८१,७३,५३२।२५ | ८३,५६,२००। | ८५,८२,१६५।६१ |
| १.२ | सेवा शुल्क | १४,०८,५००। | १४,०८,०३०।०० | १२,५०,०००। | २४,१५,०३५।०० |
| १.३ | दस्तुर | ५७,२९,५००। | ५७,२८,०४१।२१ | ७२,९५,०००। | १,००,७०,७६६।४१ |
| १.४ | लिलाम बिक्री | ७२५००। | ७२,००५।०० | ० | ०।०० |
| १.५ | स्रोत परिचालन | १,०२,०१,५००। | १,०२,००,२८९।४४ | १,१४,५९,०००। | १,१७,०५,७१३।९५ |
| १.६ | अन्य आय | १,५२,५००। | १,५०,४५८।८५ | ४,५६,०००। | २,३१,४३२।७७ |
| **जम्मा आन्तरिक** | | **२,५७,४०,०००।** | **२,५७,३२,३५६।७५** | **२,८८,१६,२००।** | **३,३०,०५,११३।७४** |




२) बाह्य र अन्य श्रोत

| सि.नं. | आम्दानीका शीर्षक | आ.व.०७०।७१ | | आ.व.०७१।७२ | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ |
| २.१ | स्थानीय वि.शुल्क (सशर्त) | ६७,७८,०००। | ६७,७८,०००। | ५२,९०,०००। | ५२,३४,७४०।०० |
| २.२ | सडक बोर्ड नेपाल (सशर्त) | १९,०१,५००। | १९,०१,२३७। | ३५,००,०००। | ३३,९४,०८४।०० |
| २.३ | न.पा.अनुदान (निशर्त) | १,४६,००,०००। | १,४६,००,०००। | १,६१,५३,०००। | १,५४,८३,७५४। |
| २.४ | प्रशासनिक अनुदान (निशर्त) | ४६,८२,०००। | ४६,८२,०००। | ४४,६०,०००। | ४४,६०,०००।०० |
| २.५ | LGCDP अनुदान | १६,३०,०००। | १६,३०,०००। | ३३,२०,१००। | ४८,३७,४२९।६६ |
| २.६ | जगेडा कोष (सशर्त) | १,९८,७८,०००। | १,९८,७८,०००। | २,१२,५०,०००। | २,११,४४,०००। |
| २.७ | जि.वि.स. पुंजीगत अनुदान | ६,०००। | ६,०००। | १,००,०००। | ३७,०००।०० |
| ३.१ | रजिष्ट्रेशन शुल्क | ४८,७६,०००। | ४८,७५,६४४। | ५०,००,०००। | ८३,०८,०६९। |
| ३.२ | सामाजिक सुरक्षा कार्यक्रम | १,१९,२६,०००। | १,१९,२५,६००। | १,३३,००,०००। | १,७२,००,७००। |
| ३.३ | अन्य (खा.पा.,स्वास्थ्य,भेटनरी) | ४२,२६,०००। | ४२,२५,७३३। | २०,००,०००। | ३७,३९,५३२।०८ |
| ४.१ | लागत सहभागिता (पिच, ढल) | ६९,०२,४५०। | ६८,७६,३१२। | ९३,१०,०००। | ९६,६९,२५०।०० |
| | बाह्य र अन्य जम्मा | ७,७४,०५,९५०। | ७,७३,७८,५२६। | ८,३६,८३,१००। | ९,३५,०८,५५८।७४ |
| ६.१ | बै.क मौज्दात | ७०,८०,०५१।६० | ७०,८०,०५१।६० | ७३,३१,९७५।४४ | ७३,३१,९७५।४४ |
| **आन्तरिक र बाह्य गरी कुल** | | ११,०२,२६,००१।६० | ११,०१,९०,९३४।३५ | ११,९८,३१,२७५।४४ | १३,३८,४५,६४७।९२ |

ख) खर्चः प्रशासनिक खर्च १) आन्तरिक श्रोत


| सि.नं. | खर्चका शीर्षक | आ.व.०७०।७१ | | आ.व.०७१।७२ | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ |
| २.१ | तलब | १,५३,७०,००० | १,४९,८९,२२४।४० | १,६४,६५,०००। | १,६४,०३,६३८।४१ |
| २.२ | भत्ता | १८,४९,००० | १७,३७,५०८।६८ | २२,४५,०००। | २२,०३,४२४।६७ |
| २.३ | दैनिक भ्रमण भत्ता | ६,००,००० | ५,०३,५२० | ६,१०,०००। | ६,०५,६८५।०० |
| २.४ | सेवा/कार्यालय स.चालन | १७,८८,००० | १५,६८,२०४।१२ | १६,६५,०००। | १५,८५,३४०।०५ |
| २.५ | भाडा | ३,००,००० | २,५३,८१५।०० | ३,००,०००। | २,७३,६००।०० |
| २.६ | मर्मत सम्भार | ३,५०,००० | २,८७,३६४।०० | ८,०१,०००। | ८,००,४५१।०० |
| २.८ | पत्रपत्रिका तथा पुस्तक | ७०,००० | ४६,३००।०० | ८०,००० | २२,५८०।०० |
| २.९ | इन्धन | ६,५०,००० | ६,०८,६८२।०० | ९,००,०००। | ६,९९,२९२।०० |
| २.१० | विविध तथा भैपरि | २१,५०,५०० | २०,९६,७७८।०० | १२,५६,०००। | ७,४०,५४४।०० |
| २.११ | खप्ने मालसामान | ३,५०,००० | ३,३९,१८१।०० | ६,००,०००। | ५,३४,६७२।०० |
| २.१२ | तालिम, योजना तथा बजेट | २,३०,००० | २,०६,१५९।०० | ३,००,०००। | २,५२,२७५।०० |
| २.१३ | अनुदान, आ.स.,चन्दा पुरस्कार | १,३५,००० | ४८,६५१।०० | १,२०,०००। | ७०,४००।०० |
| २.१९ | आय तथा आन्तरिक सापटी | ९२,५०० | ९२,४११।९२ | १,५०,०००। | १,३८,३१९।४० |
| २.२१ | कर्मचारी कल्याण खर्च | ११,५०,००० | ११,५०,०००।०० | १५,००,०००। | १५,००,०००।०० |
| | जम्मा | २,५०,८५,००० | २,३९,२७,७९९।१२ | २,६९,९२,०००। | २,५८,३०,२२१।५३ |

## २) बाह्य श्रोत

| सि.नं | खर्चका शीर्षक | आ.व.०७०।७१ | | आ.व.०७१।७२ | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ |
| २.२२ | **LGCDP तर्फको** प्रशासनिक खर्च | | | ४,६३८,१००। | ४६,३७,४२९।६६ |


## आन्तरिक र बाह्य श्रोतको कुल प्रशासनिक खर्च

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक र केन्द्रीयको कुल जम्मा | २,५०,८५,००० | २,३९,२७,७९९।१२ | ३,१६,३०,१००। | ३,०४,६७,६५१।६६ |



विकास खर्च

| सि.नं | योजनाको नाम | यो.संख्या | अनुमानित | यथार्थ |
|---|---|---|---|---|
| १) | नगरपालिका अनुदानका योजनाहरु | ११९ | २,०२,७३,०००।०० | १,९२,७२,०८२।०० |
| २) | स्थानीय वि.शूल्क कोषका योजनाहरु | १७ | ६९,७५,०००।०० | ६२,४१,२७१।०० |
| ३) | रजिष्ट्रेशन शूल्कका योजनाहरु | ३८ | ९६,५९,१७५।०० | ८९,०४,७६०।०० |
| ४) | जगेडा कोष कार्यक्रमका योजनाहरु | ६ | २,८५,००,०००।०० | २,८४,९९,३७०।०० |
| ५) | सडक बोर्ड कार्यक्रम | २ | ३४,००,०००।०० | ३३,९४,०८२।०० |
| ६) | जि.वि.स.तर्फका कार्यक्रमहरु | १ | १,००,०००।०० | १२,०००।०० |
| ७) | साविक पोखरीभन्ज्याङतर्फका योजना | ४६ | १५,३७,०००।०० | १५,३६,२४९।०० |
| ८) | शहरी स्वास्थ्य केन्द्र संचालन | १ | ५,५९,०००।०० | ५,५८,९०६।०० |
| ९) | सामाजिक सुरक्षा सम्बन्धी | १ | १,७१,९८,०००।०० | १,७१,९७,१००।०० |
| | **जम्मा विकास खर्च** | **२३१** | **८,८२,०१,१७५।००** | **८,५६,१५,८२०।००** |
| **कुल प्रशासनिक र विकास खर्च** | | | **११,९८,३१,२७५।००** | **११,६०,८३,४७१।००** |




## ३. गाउं नगर साझेदारी कोष तर्फको आम्दानी खर्च विवरण (गरिवी न्यूनिकरण कोष)

आम्दानीतर्फ

| सि.नं. | आम्दानीका शीर्षकहरु | यथार्थ |
|---|---|---|
| १ | व्याज आम्दानी | १५,६५,७०३।३६ |
| २ | सेवा शुल्क/हर्जना | १,००,०७१।४५ |
| ३ | म्याचिङ फण्ड | १,७९,०००।०० |
| ४ | बैंक मौज्दात | २२,३८,०७९।४० |
| ५ | ऋण लगानी | १,०५,१६,६०६।०० |
| | जम्मा | १,४५,९९,४६०।२१ |

खर्चतर्फ

| सि.नं. | खर्चका शीर्षक | यथार्थ |
|---|---|---|
| १ | वीउ पुँजी | ३,४५,०००।०० |
| २ | प्रशासनिक खर्च | ४,३८,०७८।०० |
| ३ | बैठक भत्ता | २७,२००।०० |
| ४ | मसलन्द तथा अन्य | २४,५७१।८५ |
| ५ | मर्मत | २०,०००।०० |
| ६ | टोल संस्थागत विकास | ३,७६,२०५।८५ |
| ७ | उद्यम व्यवस्थापन | ८६,७००।०० |
| ८ | सूचना | ६,१००।०० |
| ९ | टोल विकास संस्थालाई फिर्ता | २,४१,५६४।५२ |
| १० | ऋण लगानीमा | १,०५,१६,६०६।०० |
| ११ | बैंक मौज्दात | २५,१७,४३३।९९ |
| **जम्मा खर्च** | | **१,४५,९९,४६०।२१** |

## फ्रिज रकमको विवरण

| | | |
|---|---|---|
| १. | नगरपालिका अनुदान | ६,६९,२४६।०० |
| २. | स्थानीय विकास शुल्क | ५५,२६०।०० |
| ३. | एल.जि.सि.डि.पि. | १३,४२,६७०।३४ |
| ४. | सामाजिक सुरक्षा | २,२७,४४०।०० |
| | जम्मा | २२,९४,६१६।३४ |

## ४. पेश्की तथा वेरुजु

| सि.नं. | विवरण | आ.व.०७०।७१ सम्मको जम्मा | आ.व.०७१।७२ सम्मको | | |
|---|---|---|---|---|---|
| | | | पेश्की/वेरुजु | फछ्र्यौट | बांकी |
| १. | पेश्की | ४४,७६,३९२।३१ | ४८,०२,०३२।३१ | ४,५८,२१६।०० | ४३,४३,८१६।३१ |
| २. | वेरुजु | २९,८५६।५० | २९,८५६।५० | ०।०० | २९,८५६।५० |
| | जम्मा | ४५,०६,२४८।८१ | ४८,३१,८८८।८१ | ४,५८,२१६।०० | ४३,७३,६७२।८१ |

## ५. आन्तरिक तथा वाहय् अनुदान अन्तर्गत संचालित योजनाहरुको आर्थिक तथा भौतिक प्रगति

**१) न.पा.अनुदानः केन्द्रीय रु.१,३४,८३,७५४।, नगरपालिका रु.१५,४२,२११।, उपभोक्ता रु.१२,६३,२९८।**

| विवरण | इकाई | आ.व.०७१।७२ को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| सडक निर्माण तथा मर्मत | कि.मी. | १२।५२ | ९३।२९ | २३,३७,१८३।०० |
| कृषि तथा सिंचाई | गोटा | ८ | १०० | ३,२८,४२०।०० |
| खानेपानी निर्माण एवं मर्मत | गोटा | २६ | ९६।१५ | ३५,२७,९०१।०० |
| पक्की नाला निर्माण | मिटर | २०० | ५० | ६,५०,०००।०० |
| वातावरण तथा सरसफाई | गोटा | १ | १०० | ३५,९५,५२१।०० |
| भवन निर्माण तथा मर्मत | गोटा | १२ | १०० | १४,७५,०००।०० |
| शिक्षा | गोटा | २० | १०० | २४,०९,०००।०० |
| अन्य विविध | गोटा | २५ | ९६ | १९,६६,२३८।०० |
| जम्मा खर्च | | | | १,६२,८९,२६३।०० |

नोटः आ.व.०७०।७१ मा सडक निर्माण तथा मर्मत १०.३१ कि.मी., खानेपानी २३ वटा, भवन निर्माण २१ कोठा, सरसफाई व्यवस्थापन २७३७ टन र विविध १८ वटा योजनामा रु.१,८३,९६,७३२। खर्च भएको थियो । जुन रकममा केन्द्रीय अनुदान रु.१,४६,००,०००। रहेको थियो ।

२) **स्था.वि.शुल्कः केन्द्रीय रु.५२,३४,७४० र नगरपालिका रु.१०,०६,५३१।**

| विवरण | इकाई | आ.व.०७१।७२ को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| सडक बत्ती मर्मत/नयां जडान | गोटा | ९८४ | ८० | ६,०७,१३३।०० |
| नाला तथा ढल सफाई | मिटर | २००० | ९२ | २,८६,३०८।०० |
| वातावरण तथा सरसफाई | वटा | ५ | १०० | ३०,९२,०४४।०० |
| अन्य विविध | वटा | १० | १०० | २२,५५,७८६।०० |
| जम्मा खर्च | | | | ६२,४१,२७१।०० |

नोटः आ.व.०७०।७१ मा केन्द्रीय बजेट रु.६७,७८,०००। अनुदान प्राप्त भई कच्ची सडक निर्माण ०.६६ कि.मी., सडक बत्ती मर्मत/नयां जडान ९७५। वटा, खानेपानी २ वटा, नाली निर्माण ७८२ मिटर, भवन निर्माण २ वटा, अन्य विविध ५६ वटा योजनामा रु.६८,८६,६४८। खर्च भएको थियो ।

३) **रजिष्ट्रेशन शुल्कबाट संचालित योजनाहरुः रु.४६,८९,९०३।, न.पा. रु.३६,३४,८५७। र लागत सहभागिता रु.५,८०,०००।**

| विवरण | इकाई | आ.व.०७१।७२ | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| सडक निर्माण एवं मर्मत | कि.मी. | ३ | ९३।३५ | १९,५५,०००।०० |
| कृषि तथा सिंचाई | गोटा | ३ | ६६।६७ | ६०,०००।०० |
| खानेपानी निर्माण तथा मर्मत | गोटा | ५ | ८०।०० | २,५०,०००।०० |
| वातावरण तथा सरसफाई | गोटा | २ | ५० | १,३५,०००।०० |
| भवन निर्माण एवं मर्मत | गोटा | ७ | १०० | २२,७४,४२८।०० |
| शिक्षा | गोटा | ४ | १०० | ६,२०,०००।०० |
| अन्य विविध | गोटा | १४ | ९२।८६ | ३६,१०,३३२।०० |
| जम्मा | | | | ८९,०४,७६०।०० |

नोटः आ.व.०७०।७१ मा रु.४८,७५,६४४। अनुदान प्राप्त भई विविध परामर्श ४ वटा, कृषि तथा सिंचाई १ वटा, साझेदारी कोष फिर्ता १ वटा, कालोपत्रे ०.२०० कि.मी., विविध २५ वटा योजनामा रु.४१,४८,८७६। खर्च भएको थियो ।

४) **जगेडा कोषः रु.२,१२,४९,३७०। समपुरक १३,४९,९५२। (केन्द्र र न.पा.) र उभभोक्ता ७२,५०,०००।**

| विवरण | इकाई | आ.व.०७१।७२ | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| कालोपत्रे सडक निर्माण व्यास १ | कि.मि | ०.५९ | १०० | ४९,९९,६२०.०० |
| मत्स्य मार्ग सतह ढल निर्माण व्यास १ | मिटर | ५९६ | १०० | ४९,९९,९७०.०० |
| सतह ढल निर्माण व्यास १ | मिटर | ६०० | १०० | ४९,९९,८४०.०० |
| सतह ढल निर्माण व्यास ५ | मिटर | ९२९ | १०० | ४९,९९,९५०.०० |
| पराशर आस्रम भवन निर्माण व्यास ७ | वटा | १ | १०० | ५०,००,०००.०० |
| बसपार्क निर्माण व्यास १ | वटा | १ | १०० | ४८,४९,९५२.०० |
| जम्मा | | | | २,९८,४९,३३२।०० |

नोटः आ.व.०७०।७१ मा पक्की नाला १२८६ मिटर, कालोपत्रे ९९२ मिटर, बसपार्क निर्माण १ वटा, दमकल १ वटा, र लोडर १ वटा योजनामा रु.३,३१,१३,५५०। खर्च हुन गएको थियो ।

**५) सडक बोर्डः केन्द्रीय रु.३३,९४,०८४ र समपुरक रु.१६,३२,८६७। (केन्द्र र न.पा.)**

| विवरण | इकाई | आ.व.०७१।७२ को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| बाराही रानीमार्ग रिग्राभेल वडा नं.३ | मिटर | ७०० | १०० | ५,७५,९९२।०० |
| पक्की नाली | मिटर | ८४ | १०० | ५,१७,३५९।०० |
| कच्ची नाली | मिटर | २७५ | १०० | ७,१५०।०० |
| कल्भर्ट निर्माण | गोटा | ३ | १०० | ४,४५,८७९।०० |
| कालोपत्रे (आवधिक मर्मत) नं.१, २, १० र ११ | ब.मी. | ३९६८ | १०० | ३४,८०,५७१।०० |
| जम्मा | | | | ५०,२६,९५१।०० |

नोटः आ.व.०७०।७१ मा बाराही रानीमार्ग रिग्राभेल ११५४ मिटर, कच्ची नाला ४६१ मिटर, कालोपत्रे मर्मत २९८७ ब.मी. र ह्युमपाइप कल्भर्ट ४ वटा रु.२७,११,०६२। रकम खर्च भएको थियो ।

**६) जि.वि.स.: रु.१२,०००।**

| विवरण | इकाई | आ.व.०७१।७२ को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| झोलुङे पुल हेरालो | गोटा | २ | १०० | १२,०००।०० |

नोटः आ.व.०७०।७१ मा पुल हेरालो रु.१२,०००। खर्च भएको थियो ।

**७) शहरी स्वास्थ्य क्लिनिकः केन्द्रीय रु.५,५८,९०६।**

| विवरण | इकाई | आ.व.७१।७२को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| स्वास्थ्यचौकी संचालन | गोटा | १ | १०० | ५,५८,९०६।०० |

नोटः आ.व.०७०।७१ मा स्वास्थ्यचौकी संचालन १ वटा योजनामा रु.५,२९,०५०। खर्च हुन गएको थियो ।

**८) सामाजिक सुरक्षा कार्यक्रमः केन्द्रीय रु.१,७१,८७,५००। र जि.वि.स.रु.९,६००।**

| विवरण | इकाई | आ.व.०७१।७२ को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| दलित जेष्ठ नागरिक | जना | ३६६ | १०० | २२,७५,०००। |
| अन्य जेष्ठ नागरिक | जना | ९८० | १०० | ७३,६६,०००। |
| एकल तथा विधवा महिला | जना | १०१७ | १०० | ६१,०३,०००। |
| लोपोन्मुख आदिबासी | जना | ३ | १०० | ३६,०००। |
| फरक क्षमता (आंसिक र पूर्ण) | जना | ७२ | १०० | ६,०८,०००। |
| बाल संरक्षण कार्यक्रम | जना | ४१० | १०० | ७,९९,५००। |
| जि.वि.स.कोटा अन्तर्गतका आंसिक अपांगता | जना | ३ | १०० | ९,६००। |
| जम्मा | | २८५१ | | १,७१,९७,१००। |

नोटः आ.व.०७०।७१ मा २१४७ जनालाई भत्ता वितरणमा रु.१,१९,२५,६००। खर्च हुन गएको थियो ।

९) साविक पोखरी भन्ज्याङ तर्फका योजनाः केन्द्रीय अनुदान रु.१५,३६,२४९। (जि.वि.स.मार्फत)

| विवरण | इकाई | आ.व.०७१।७२ को | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | खर्च |
| सडक निर्माण तथा मर्मत | कि.मी | १.४०० | १०० | १,१०,०००।०० |
| कृषि, सिंचाई र नदी नियन्त्रण | गोटा | १० | ८० | १,७९,१६०।०० |
| खानेपानी | गोटा | ९ | १०० | ६,०५,४६०।०० |
| भवन निर्माण तथा मर्मत | गोटा | ३ | १०० | १,११,१००।०० |
| शिक्षा | गोटा | ७ | १०० | १,९२,०००।०० |
| अन्य विविध | गोटा | १४ | ६४।२९ | ३,३८,५२९।०० |
| **जम्मा** | | | | **१५,३६,२४९।००** |

## ६. घर नक्शापास तर्फ

| विवरण | आ.व.०७०।७१ | आ.व.०७१।७२ |
|---|---|---|
| नक्शा दर्ता संख्या | ६५४ | ४७९ |
| अस्थायी नक्शापास संख्या | ३८४ | ३४५ |
| स्थायी नक्शापास संख्या | ४९० | ४६१ |
| सम्पन्न प्रमाणपत्र संख्या | ५१९ | ४७० |
| साधारण स्वीकृति संख्या | ७१ | २४ |
| नक्शापास नामसारी संख्या | ७१ | ८९ |
| घर बाटो सिफारिस संख्या | १८८८ | २०१० |

## ७. राजश्व उपशाखा

- गतवर्ष भन्दा यो वर्ष २८.२६ प्रतिशतले आन्तरिक आयमा बृद्धि
- राजश्व बृद्धिका लागि सम्भाव्यता अध्ययन कार्यान्वयनमा ल्याइएको
- आन्तरिक आयको मुख्य श्रोतहरुमा पसलकवल भाडा, सम्पत्ति कर, घर नक्शापास दस्तुर, प्राकृतिक साधन उपयोग कर, व्यवसाय कर आदि

## ८. एकिकृत सम्पत्ति कर इकाई

- सम्पत्ति करलाई कम्प्युटर विलिङबाट रसिद वितरण गरिएको
- २०,४१७ करदाता संख्यामा रहेका (आ.व. ०७०।७१, १६,६६५)
- करदाताहरुबाट आफ्नो सम्पत्ति नियमित रुपमा दाखिला खारेजी नगर्दा अभिलेख राख्ने कार्यमा बाधा
- बाटोमा पर्ने जग्गाहरुको लगत कट्टा नहुंदा समस्या देखिएको

## ९. जिन्सी उपशाखा

- नियमित रुपमा जिन्सी निरीक्षण प्रतिवेदन तयार पार्नुका साथै सो प्रतिवेदन अनुसार काम गरिएको

## १०. आन्तरिक प्रशासन उपशाखा

- कम्प्युटरको माध्यमबाट सिफारिस प्रदान गरिएको
- दर्ता गरिएको पत्र स.ख्याः १३,२६१ (आ.व. ०७०।७१, १२,९७४)
- चलानी गरिएको पत्र स.ख्या (१२,३१८ (आ.व. ०७०।७१, १०,७९७)

उद्योग दर्ता, केही नाता प्रमाणित, नागरिकता, नामथर संशोधन सम्बन्धी सिफारिसहरु आवश्यकता अनुसार सर्जमिन गरी प्रदान गरिएको

## ११. वातावरण तथा सरसफाई शाखा

- दैनिक ८.० टनका दरले फोहर उठाउने र फाल्ने गरिएको
- दैनिक ३ जनाले सडक बढार्ने कार्य गरिएको
- माछ्यामासु बजार दैनिक सरसफाई गरिएको
- समयसमयमा अस्थायी डम्पिङ साइड पुर्ने कार्य गरिएको
- बजार क्षेत्रका पक्की कच्ची नाला वर्षातको समयमा निकास खोल्ने कार्य गरिएको
- उ.बा.सं. दमौली बजार इकाईको सहयोगमा फुटपाथ हटाउने कार्य
- अन्य सफाईसंग आवश्यक कार्यहरु गरिएको
- सरसफाईलाई व्यवस्थित गर्न AEPC संग प्रारम्भिक सम्झौता भई प्रारम्भिक प्रतिवेदन प्राप्त हुने अवस्थामा रहेको

## १२. सामाजिक परिचालन र क्षमता विकासतर्फ

| विवरण | लाभान्वित | | | खर्च |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| आय आर्जन तथा उद्यमशीलता व्यास ११ | ३० | ० | ३० | ३१,७२०।०० |
| पशु व्यवसाय सम्बन्धी व्यास १२, १३ र १४ | १५ | १५ | ३० | २१,०६०।०० |
| हस्तकला (गुडिया बनाउने) तालिम वडा नं.२, १० र ११ | २४ | ० | २४ | ७५,०००।०० |
| च्याउ खेती सम्बन्धी तालिम व्यास ६ | २१ | ८ | २९ | १७,७००।०० |
| महिला ससक्तिकरण लैङिक हिंसा सम्बन्धी कार्यक्रम | २८ | ६ | ३४ | १९,३७०।०० |
| व्यवसायिकता विकास एवं सिप विकास तालिम व्यास २ | २४ | ८ | ३२ | ७०,०००।०० |
| व्यवसायिकता विकास एवं सिप विकास तालिम व्यास १० | २६ | ० | २६ | ७२,९९८।०० |
| व्यवसायिकता विकास एवं सिप विकास तालिम व्यास ३ | ३० | ० | ३० | ४०,५००।०० |
| लैंगिक समानता सामाजिक समावेशीकरण स्था.नि. लैगिक उत्तरदायी बजेट तर्जुमा | १४ | २६ | ४० | ७५,२००।०० |
| सहकारी सचेतना तालिम व्यास १२ | २२ | ३ | २५ | २३,३००।०० |
| आयआर्जन बाखा पालन तालिम वडा नं.६ | १२ | २४ | ३६ | ३०,०००।०० |
| आयआर्जन बंगुर पालन तालिम वडा नं.६ | ३२ | १ | ३३ | २५,०००।०० |
| आयआर्जन वेमौसमी तरकारी खेती तालिम वडा नं.६ | १४ | १४ | २८ | २९,६९०।०० |
| कृषि तथा पशुपालन सम्बन्धी तालिम व्यास ३ | १५ | ७ | २२ | २५,०००।०० |
| महिला उत्थान तथा सशक्तिकरण समाज तनहुं, व्यास १ | ३० | ० | ३० | १५,०००।०० |
| प्रजनन स्वास्थ्य सम्बन्धी तालिम, व्यास १० | २९ | ० | २९ | १८,२२५।०० |
| दलितहरुलाई जनचेतनामूलक व्यास १२, १३ र १४ | ३४ | ८ | ४२ | ३०,०००।०० |
| सूचनाको हक सम्बन्धी अभिमुखीकरण (कर्मचारी) | १६ | १९ | ३५ | ७५,०००।०० |
| सामाजिक परिचालन क्षमता विकास | १५ | १२ | २७ | ५५,०००।०० |
| महिला हिंसा तथा कानूनी परामर्श व्यास ७ | ३४ | २ | ३६ | २२,८१०।०० |
| महिला चेतना सम्बन्धी तालिम व्यास १ | ४० | ५ | ४५ | २४,३६०।०० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम १२, १३ र १४ | ३६ | २० | ५६ | ८४,७७०।०० |
| कुल जम्मा | ५४१ | १७८ | ७१९ | ८,८१,७०३।०० |

## १३. स्वास्थ्य उपशाखा

- गाउँघर क्लिनिक कार्यक्रममा १४७९ जनाले सेवा प्राप्त (प्राथमिक उपचार, परिवार नियोजन, पोषण एच.आ.भि. एड्स, यौन रोग, स्वास्थ्य शिक्षा, गर्भवती परिक्षण आदि)
- नियमित खोप कार्यक्रममा ५३६ जनाले सेवा प्राप्त (वि.सि.जी., डि.पि.टी., हेपाटाइटिस, दादुरा आदि)
- शहरी स्वास्थ्य क्लिनिक दुम्सीचौरबाट सेवा प्राप्त ६३६५ जना म. २७०८ पु. ३६५७
- राष्टिय तथा अन्तराष्टिय स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहयोग गरिएको
- महिला स्वास्थ्य स्वयसेविकाहरुलाई आफ्नो क्षेत्रमा प्राथमिक उपचारका लागि औषधि वितरण
- महिला स्वास्थ्य स्वयसेविका मार्फत प्रदान गरिएको सेवा प्रदायकहरुको सख्या: ५९९९
- स्वास्थ्य मन्त्रालयको नीति, निर्देशन अनुरुप कार्य गरिएको

## १४. पन्जिकरण इकाई

| विवरण | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाई सराई | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | म. | पु. | जम्मा | | | |
| आ.व.०७१।७२ | ४१६ | ४२५ | ८४१ | ७५ | ७९ | १५४ | २८८ | ८६ | २ |
| आ.व.०७०।७१ | ४८१ | ५११ | ९९२ | ८३ | १०२ | १८५ | ३७१ | १४९ | ३ |

**नोटः आ.व.०७१।७२ मा बसाई सराई गरी जानेको संख्याः ७८ र आउनेको संख्याः ३७४**

## १५. नगरपालिकाका सवल पक्षहरु

- ज्येष्ठ नागरिकहरुलाई सम्मान
- भुकम्पबाट क्षति भएका घरहरुको लगत लिई पूण क्षति भएका १४९ घरधनीहरुलाई राहत वितरण गर्ने कार्य सम्पन्न
- फोहरमैला व्यवस्थापनको लागि ट्याक्टर खरिद
- एन.वि.सि. कडाईका साथ लागु (गर्ने प्रयास) गरिएको
- सडक बत्तीको व्यवस्थापन (गर्ने प्रयास) गरिएको
- फोहरमैला व्यवस्थापन (गर्ने प्रयास) गरिएको
- आन्तरिक आयमा २८.२६ प्रतिशतले बृद्धि गर्न सफल
- नक्शापास स्वीकृति दिंदा कार्यालय हाताभित्र रहेको छड तथा पर्खालको नमूना देखाइने
- भुकम्प सुरक्षा दिवसको अवसरमा नमूना कम्पन घर प्रदर्शन
- बालमैत्री रणनैतिक योजना अनुसार कार्यारम्भ
- माछामासु मापदण्ड लागू गरी माछामासु बजारको व्यवस्था गरिएको
- एम.सि.पि.एम. मापदण्डमा १५ प्रतिशत अनुदान थप गर्न सफल
- सार्वजनिक सुनुवाई/सामाजिक परिक्षण गरिएको
- नगर प्रोफाइल तयारी कार्य अन्तिम चरणमा पुगेको
- निर्माणकर्मीलाई तालिम प्रदान गरी सूचिकृत गर्ने गरिएको

- बैंकमा खाता खोली सामाजिक सुरक्षा भत्ता वितरण गरिएको
- पूर्ण खोप र पूर्ण साक्षर नगर घोषणा गरिएको
- टेलिफोनको माध्यमद्वार अडियो नोटिस बोर्ड राखिएको
- कार्यालयको हाताभित्र सि.सि. क्यामरा जडान गरिएको
- दमकलका कर्मचारीहरुलाई दमकल सम्बन्धी तालिम प्रदान गरिएको
- इलोक्ट्रोनिक हाजीरी मेशिन जडान गरिएको
- नगरपालिकामा सोलार जडान गरिएको

## १६. नगरपालिकाका समस्याहरु

- केन्द्रीय अनुदान माथिको निर्भरता
- सडक बत्ती अत्यन्त खर्चिलो (महशुल/तार, वल्व आदि)
- प्रशासनिक खर्चको सिमा पालना गर्न नसकिएको
- कार्यालयको पूर्वाधार कमी (कार्यालय भवन, मिटिङ हल आदि)
- ल्याण्डफिल साइटको जग्गा एकिन गर्न नसकिएको
- जग्गा पुनर्नापी गर्ने कार्य गर्न नसकिएको
- व्यवस्थित पशु वधशाला निर्माण गर्न नसकिएको
- निर्वाचित जनप्रतिनिधिको अभाव
- उपभोक्ताबाट लागत सहभागिता यथार्थमा जुट्न नसकेको
- नगरमा दीर्घकालीन र ठूला योजनाहरु निर्माण हुन नसकेको

समाप्त